# सूर्यविनायक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कटुञ्जे भक्तपुर
३ नं. प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

पथम पटक प्रकाशित मिति २०७५/०४/०५

स्थानीय सरकार संचालन ऐन,२०७४, सूर्यविनायक नगर पालिकाको आन्तरिक आय संकलन कार्यविधि र यस नगरपालिकाको राजस्व परामर्श समिति सिफारिस एवं कार्यालयको निर्णयानुसार देहायको शिर्षकमा राजस्व असुली सम्बन्धी काम आ.व. २०७५/७६देखी आ.व.७६।७७ सम्मको लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। कानूनी प्रक्रिया पूरा गरेका इच्छुक फर्महरुले बोलपत्र/दरभाउ पत्र खरिद गरी यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र बोलपत्र फारम खरिद गरी ३१ औं दिन १२ वजे भित्र बोलपत्र यस कार्यालयमा पेश गरिसक्नुपर्नेछ । अन्य थप जानकारीका लागि कार्यालय समयभित्र नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। फारम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम मितिमा विदा परेमा सोको भोलीपल्ट उक्त कार्य हुनेछ।

**ठेक्का विवरण**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७/२०७५/७६ | नगरपालिका क्षेत्र भित्र रहने विज्ञापनहरुको कर संकलन, आकाशे पुलको आधा भागमा विज्ञापन , सडकका पोलहरुमा विज्ञापन सम्बन्धि कार्य र अन्य स्थानमा भएको विज्ञापनको तोकिएको दर बमोजिम संकलन गर्ने कार्य। | सूर्यविनायक नगरपालिका क्षेत्र | विज्ञापन कर निर्देशिका २०७४ को प्रावधान एवं नगर सभाले तोके बमोजिम को साईज र दररेटमा विज्ञापन कर असुली गर्ने | ३२,००,०००।- प्रतिवर्ष वत्तिस लाख ( २ वर्षका लागि) | ३००० | प्रति वर्ष १० प्रतिशत रकम थप हुने |

धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको कमलविनायक स्थित नेपाल बैंक लि.को खाता नं. ग-३-०१९०३००००००००३०००४४ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

यस सम्बन्धि विस्तृत विवरण नगरपालिकाको वेव साईट(www.suryabinayakmun.gov.np) एवं कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचनाबाट प्राप्त गर्न सकिने छ।

## आय ठेक्का सम्बन्धी अन्य शर्तहरु

१. आय ठेक्काका लागि एकमुष्ठ रकम नबुझाएमा कूल कबोल अंङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी रकमको ठेक्का अवनधिमा १ महिना थप भएको कार्यालयले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी कार्यादेश दिइनेछ। बैक जमानत पेश गर्दा एक आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र वैक जमानतमा म्याद थप गरी कार्यालयमा पेश गर्नुपर्नेछ।

२. आय रकमको भुक्तानी तालिक देहाय अनुसार हुनेछ।

| किस्ता | किस्ता बुझाउँनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंङ्कको २५ प्रतिशतले हुन आउँने रकम। |
| दोश्रो | २०७५ साल पौष मसान्त भित्र | कबोल अंङ्कको ४० प्रतिशतले हुन आउँने रकम |
| तेश्रो | २०७६ जेठ मसान्तसम्म | कबोल अंङ्कको बाँकी ३५ प्रतिशत रकम |

३. ठेक्का कबोल गर्ने ठेकेदारले प्रयोग गर्ने रसिदहरु आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको नपाइएमा नियमानुसार कारवाही गरिनेछ।

४. माथि शर्त नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी राख्नु पर्नेछ।

५. ठेक्कामा कुनै विवाद भएमा नगरपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ।

६. न.पा.लाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको वा कालो सुचिमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिनेछैन ।

७. जमानी वापत बोलपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

८. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।

९. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

१०. यस नगरपालिकाको तर्फबाट वा अन्य कुनै सरकारी कार्यालयको तर्फबाट जनहितमा जारी कुनै पनि विज्ञापनको रकम असुली गर्न पाईने छैन। विज्ञापन असुलीका सम्बन्धमा प्रचलिन कानून बमोजिमको विस्तृत विवरण सम्झौतामा उल्लेख गरिने छ।

११. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१२.कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ।

१३ यस कार्यालयमा पेश हुन आएका बोलपत्र तथा दरभाउपत्र बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ।

१४बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर , मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ।

१५. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१६ अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।